परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक

वर्ष : २  अंक : १६८  पृष्ठ ४  २०८० मंसिर २३ गते, शनिबार  9 Dec., 2023  मूल्य रु. ५/-



समाचार पृष्ठ २ मा

यू-१९ एसिया कप: नेपाल पाकिस्तानसँग ७ विकेटले पराजित

हामीलाई www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।

## एमालेको संकल्प प्रस्ताव बोकेर प्रधानमन्त्री भेट्न जाँदै मधेशका मुख्यमन्त्री

● टक नेपाल



जनकपुरधाम । मधेश प्रदेशका मुख्यमन्त्री सरोज यादव एमालेले बुधबार सदनमा दर्ता गराएका संकल्प प्रस्ताव लिएर प्रधानमन्त्री पुष्पकमल दाहालसंग भेटन जाने भएका छन् । प्रधानमन्त्री प्रचण्डलाई ६ बुँदे मागसहित अल्टिमेटम दिन पुग्दा एमालेले त्यसलाई 'स्टन्ट' भनेको थियो । उसले पहिले प्रदेशसभामा प्रहरी समायोजन जनसम्बन्धी आफूले टेबल गरेको संकल्प प्रस्ताव पहिले पास गर्नुपर्ने अडान राखेको थियो । नेकपा एमालेका मधेश प्रदेशका संसदीय दलका नेता सरोज यादवले भनेका थिए, 'प्रहरी समायोजन र ऐन आदिबारे हाम्रा साझा निजामती कर्मचारी समायोजन

बाँकी पृष्ठ ३ मा

## स्थानीय तहको साथले उत्साहित मटिहानीका किसान

● टक नेपाल



महोत्तरी । खेती लगाउने बेला बीउ पाएपछि मटिहानी नगर पालिकाका गहुँ खेती गर्ने किसानलाई राहत मिलेको छ । खेती लगाउने बेला नगर कार्यपालिकाको कृषि शाखाले बीउको गहुँ उपलब्ध गराएपछि नगरक्षेत्रका किसानले राहत महसुस गरेका हुन् । "खेतीका बेला बीउ, मल नपाएर हैरान भइन्थ्यो, पछिल्ला दुई/तीन वर्षदेखि समयमै पाइएको छ", मटिहानी-९ सिमर दहीका किसान गोपाल मण्डलले भन्नुभयो, "यति सुविधाले पनि धेरै सजिलो महसुस गरेका छौं ।" नगर कार्यपालिकाका कार्यालयले नगरक्षेत्रका नौ सय किसानलाई १० किलोग्राम उन्नत जातको गहुँको बीउ उपलब्ध गराइएको जनाएको छ । यो परिमाण करिब चार कठ्ठा जग्गालाई पुग्ने बीउ भएको कृषि शाखाका प्रमुख टङ्कप्रसाद उपाध्यायले बताउनुभयो । किसान मण्डलजस्तै सो बस्तीकै राजेश चौधरी, मटिहानी-५ का रामकुमार यादव र राजेश महतोले पनि समयमा गहुँको बीउ पाएपछि दुःखसुखमा हेर्ने निकाय नगरपालिका रहेछ भन्ने पर्ने गरेको बताउनुभयो । मटिहानी नगर कार्यपालिकाले आफ्नो क्षेत्रको कृषि उत्पादन बढाउन विभिन्न मौसमी बालीको समयमा बीउ, मलदेखि अन्य प्रविधिसमेत किसानलाई सुविधा दिँदै आएको जनाएको छ । "हाम्रो नगरको मुख्य आधार नै कृषि हो, त्यसैले विभिन्न बाली लगाइने बेला किसानका लागि खासखास प्याकेजको सहयोग गर्दै आएका छौं", नगर प्रमुख हरिप्रसाद मण्डल भन्नुहुन्छ, । नगर कार्यपालिकाको कार्यालयले पछिल्ला तीन/चार वर्षयता निरन्तर कृषि प्रवर्द्धनमा जोड दिँदै आएको किसानले बताएका छन् । धान, गहुँ र मौसमी तरकारीको बीउ समयमा पाउँदा निकै राहत मिलेको मटिहानी-५ का किसान नागेन्द्र यादव बताउनुहुन्छ ।

बाँकी पृष्ठ ३ मा

## महोत्तरीका ३५ प्रहरीलाई बल तथा हातहतियारको प्रयोग सम्बन्धी तालिम दिइयो

● टक नेपाल



महोत्तरी । महोत्तरीमा बल प्रयोगको सिध्दान्त तथा हातहतियारको प्रयोग सम्बन्धी प्रहरीको पाँचदिने तालिम सम्पन्न भएको छ । मधेश प्रदेश प्रहरी कार्यालय जनकपुर र जिल्ला प्रहरी कार्यालय महोत्तरीबीच भएको कार्य सम्पादन सम्झौता अनुरुप आइतबारदेखि बिहीबारसम्म संचालन भएको ५ दिने आवासिय तालिम सम्पन्न भएको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ । "बल प्रयोगको सिध्दान्त तथा हातहतियारको प्रयोग" बिषयक बिशेष अनुशिक्षण तालिममा जिल्ला प्रहरी कार्यालय तथा मातहतमा कार्यरत प्रहरी बरिष्ठ हवल्दार ३ जना, प्रहरी हवल्दार ५ जना, प्रहरी सहायक हवल्दार ४ जना र प्रहरी जवान २३ जना गरी ३५ जना प्रहरी कर्मचारीहरु तालिम दिइएको जनाइएको छ ।

प्रो. सुरेश चौधरी  मो. ९८५११०९९१९, ९८०६८००९१९

श्री गणेश ईन्जिनियरिङ्ग मर्मत केन्द्र

बर्दिवास-१ (बर्दिबास ट्राफिक कार्यालयको अगाडी)



यहाँ लेथ सम्बन्धी सानो, ठुला गाडी, ट्रेक्टरको टेलर, व्यालडिङ्गर क्रसरको सम्पूर्ण मर्मत काम गरिनुका साथै ट्रस, ग्रिल कम्पाउन्ड, स्टिल रलिङ, गार्डेन पिंग, बालमैत्री खेलौना, व्याम समाग्री, विद्यालयका लागि आवश्यक खेलौना सम्बन्धि सम्पुर्ण काम सुपथ मुल्यमा गरिन्छ ।






परिवर्तनका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

## सम्पादकीय

### मापदण्ड पूरा गर

काठमाडौँ महानगरपालिकाले महानगरक्षेत्रभित्र रहेका १ हजार ८ सय औषधि पसललाई कानुनी दायरामा ल्याउन खोजेको छ। दर्ता नभएकालाई मापदण्ड अनुसार दर्ता गर्न १० दिने म्याद दिएको छ। मापदण्ड पूरा गर्नु सबैको दायित्व हो। महानगरले जनस्वास्थ्य विभागमा १० दिनभित्र औषधि व्यवसाय दर्ता नभए बन्द गर्ने चेतावनी दिएको छ। महानगरको चेतावनीपछि औषधि व्यवसायीहरु महानगरपालिकामा धाउन शुरु गरेका छन् । कामपा जनस्वाथ्य विभागले ६२ वटा औषधि पसल अनुगमन गर्दा आधा दर्जन बढी त्रुटि भेट्टाएको थियो । अनुगमनको क्रममा अनधिकृत व्यक्तिबाट औषधि बिक्री वितरण भइरहेको फेला पारेको थियो । औषधि व्यवस्था विभागमा दर्ता नभएका औषधिसमेत बिक्री वितरण गर्ने गरेको भेट्टाएको महानगरले तत्काल कारबाही प्रक्रिया अघि बढाएको थियो। त्यति मात्र होइन, चिकित्सकको प्रेस्क्रिप्सनविना औषधि बिक्री वितरण गरेको फेला पारेको थियो । प्रचलित व्यवस्था विपरीत कुलतमा लाग्ने युवाले प्रयोग गर्ने नार्कोटिक औषधि बिक्री वितरण हुने जानकारी महानगरले पाएको थियो । औषधि व्यवस्था विभाग, महानगरको चिकित्सकसहितको टोलीले औषधि पसलमा गम्भीर त्रुटि भेट्टाएपछि सबै पसललाई मापदण्ड अनुसार सञ्चालन गर्न निर्देशन दिएको थियो । औषधि पसल खोलेर ओपीडी सेवा सञ्चालन गरेको र फार्मेसी नपढेका व्यक्तिले योग्यता विपरीत औषधि बिक्री गर्ने गरेको तथ्य फेला पारेपछि त्यस्ता औषधि पसललाई कारबाही गर्ने तयारी गरेको छ । औषधि पसल सञ्चालन गर्न अनिवार्यरुपमा फार्मेसी कोर्स पूरा गरेको व्यक्ति हुनुपर्छ। त्यस विपरीत फार्मेसिस्टको नाममा पसल दर्ता गरेर औषधि र चिकित्सकीय विषयमा जानकार नै नभएका व्यक्तिले औषधि पसल सञ्चालन गरेको फेला परेको थियो । जनताको स्वास्थ्यमा गम्भीर असर पर्ने गरी औषधि पसल सञ्चालन भएको जानकारी भएपछि मेयर बालेन्द्र साहले तत्काल मापदण्ड अनुसार अघि बढ्न निर्देशन दिएका थिए। उनले दर्ता नभएका पसल बन्द गर्नेसम्मको चेतावनी दिएपछि दर्ता नभएका व्यावसायी संकटमा पर्ने भएका छन्। औषधि पसलको अनुगमन गर्ने अधिकार स्थानीय तहलाई छ। यसअघि खासै अनुगमन गर्न नसकेको कमपाले बल्लतल्ल अनुगमन गर्दा दर्जनौं त्रुटि फेला पारेको थियो । हुन त काठमाडौंमा मात्र अवैधरुपमा औषधि पसल सञ्चालन भएका होइनन् । देशैभर यस्तो समस्या देखिएको छ । कामपा मात्र तातेर औषधिमा देखिएको समस्या समाधान हुने होइन । सबै स्थानीय तहले सो विषयमा अनुगमन शुरु गर्नुपर्छ। काठमाडौं महानगरले मात्र गरोस् भनी हेरेर बस्न हुँदैन । स्थानीय सरकारको नाताले आफ्नो जनताको स्वास्थ्यमा सबै स्थानीय तहले अनुगमन गरेर गल्ती गर्नेमाथि कारबाही गर्नुपर्छ । होइन भने एउटा मात्र स्थानीय तहले अनुगमन गर्ने अनि अरु चुप लागेर बस्ने परम्पराको अन्त्य गर्नुपर्छ । औषधि पसल सञ्चालनका लागि तोकिएका सबै मापदण्ड पूरा हुनै पर्छ ।

# यू-१९ एसिया कप: नेपाल पाकिस्तानसँग ७ विकेटले पराजित

• टक नेपाल




काठमाडौँ, २२ मङ्सिर। एसीसी यू-१९ एसिया कप अन्तर्गत नेपालले पहिलो खेलमा हार बेहोरेको छ। आज सम्पन्न पहिलो खेलमा नेपाल पाकिस्तानसँग ७ विकेटले पराजित भएको हो । नेपालले दिएको १५३ रनको लक्ष्य पछाएको पाकिस्तानले २६.२ ओभरमा ३ विकेट गुमाउदै लक्ष्य पुरा गरेको थियो। यसअघि टस हारेर पहिला ब्याटिंग गरेको नेपालले ४७.२ ओभरमा अल आउट हुदै १५२ रन बनाएको थियो । नेपालका लागि उत्तम थापा मगरले सर्बाधिक ५१ रन बनाए भने अर्जुन कुमालले २१ रन बनाएका थिए । त्यस्तै दिपेश कँडेलले ३१ रन बनाएका थिए । यी बाहेक नेपालका अन्य ब्याट्सम्यानले दोहोरो अंकमा रन बनाउन असफल भएका थिए । त्यसैगरी पाकिस्तानका बलर मोहमद जीशानले सर्बाधिक ६ विकेट लिएका थिए। जिशानले ९.२ ओभर मा एक मेडनसहित १९ रन दिएर ६ विकेट लिएका थिए। त्यस्तै आमिर हसनले २ विकेट लिएका थिए । त्यस्तै उबैद शाह र अलि अस्फान्डले एक एक विकेट लिएका थिए । अब नेपालले समुह ए अन्तर्गतको अर्को खेल आइतबार अफगानिस्तानसँग खेल्ने छ भने आइतबार नै पाकिस्तानले भारतको सामना गर्ने छ ।

# भ्रम फैलाएर सेयर मूल्य प्रभाव पार्न खोज्नेलाई कारवाही गर्ने धितोपत्र बोर्डको चेतावनी

• टक नेपाल




काठमाडौं। नेपाल धितोपत्र बोर्डले सेयर मूल्यमा प्रभाव पार्ने उद्देश्यले सामाजिक सञ्जाल वा सञ्चारमाध्यमार्फत टिप्पणी नगर्न चेतावनी दिएको छ । यसो गरेको पाइए कानुन बमोजिम कारवाही गर्नेसमेत बोर्डले चेतावनी दिएको छ । शुक्रबार सूचना जारी गर्दै बोर्डले विभिन्न सञ्चारमाध्यम तथा फेसबुक, युट्युब, क्लबहाउसजस्ता सामाजिक सञ्जालमार्फत नेप्से परिसूचक तथा सूचीकृत संगठित संस्थाको सेयरको मूल्यमा प्रभाव पार्नेगरी अभिव्यक्ति दिएको पाइएकाले त्यसो नगर्न चेतावनी दिएको हो । 'विभिन्न माध्यममा सेयरको मूल्य बढ्ने वा घट्ने भन्दै निश्चित सेयरहरु खरिद वा बिक्री गर्न तथा खरिद वा बिक्री नगर्न उत्साहित गराउने उद्देश्यले अनाधिकृत तवरले अन्तरवार्ता र अभिव्यक्ति दिई बजारलाई प्रभावित पार्न खोजिएको गुनासो बोर्डमा आएकोले गम्भीर ध्यानाकर्षण भएको छ,' बोर्डले जारी गरेकफ सूचनामा भनिएको छ, 'धितोपत्र सम्बन्धी ऐन, २०६३ ले कसैलाई धितोपत्र कारोबारमा प्रत्यक्ष वा अप्रत्यक्ष प्रभाव पार्न आफैंले वा अरुसँग मिली धितोपत्र किन्न वा बेच्न उत्साहित गराउन बर्जित गरेको र सो गरेमा धितोपत्र कारोबारसम्बन्धी कसूर गरेको मानिने जानकारी गराइन्छ।' बजारको स्वतन्त्र रुपमा सञ्चालन हुने व्यवस्थालाई प्रभाव पार्ने उद्देश्यले त्यस्तो कार्य नगर्न नगराउन बोर्डले भनेको छ । सूचनाको बेवास्ता गरी त्यस्तो कार्य गरेको पाइएमा धितोपत्र सम्बन्धी ऐन, २०६३ बमोजिम कारवाही हुने बोर्डले चेतावनी दिएको छ । साथै लगानीकर्ताहरुलाई उक्साहटमा नलागी सुझबुझपूर्ण तवरमा लगानी गर्न पनि बोर्डले आग्रह गरेको छ ।

## आवश्यक टेलिफोन नम्बरहरु

| | | | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल | १०० | IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |
| जिल्ला प्रहरी कार्यालय जलेश्वर | ५२०१९९ | सिटि केयर हस्पीटल वर्दिवास | ५५०५२७ |
| ईलाका प्रहरी कार्यालय बर्दिबास | ५५०००६ | छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला ट्रा.प. कार्यालय ५५००५५ | | ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| नेपाल पत्रकार महासंघ, महोत्तरी | ५२०५१५ | बर्दिवास दुरसञ्चार | ५५०००० |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ | नेपाल रेल्वे जनकपुरधाम ५२०२११ | |
| बर्दिबास अस्पताल | ५५००९० | जनकपुर आँखा अस्पताल | ५२०३९७ |
| रेडक्रस एमबुलेन्स | ५२०१०० | प्रदेशिक अस्पताल जनकपुरधाम | ५२००३३ |
| वारुण यन्त्र (दमकल) | ५२००९७ | सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| नेपाल विद्युत वितरण केन्द्र, गौशाला | ५५६०८९ | एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| जलेश्वर अस्पताल | ५२००७० | एम्बुलेन्स (मारवाडी सेवा समिति) | ५२२७६२, ५२१७८४ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ | एम्बुलेन्स (जानकी मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| बर्दिवास आँखा अस्पताल ५५०४७७ | | महाविर युवा कमिटी एम्बुलेन्स | २५९८० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ | ईलाका प्रहरी कार्यालय गौशाला | ९८५४०९००५० |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ | रेडियो गौशाला ९३.६ मेगाहर्ज | ९८२४८७२९६० |

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | लोकाचारका लागि अनावश्यक वस्तुका पछि दौडनुपर्ला। | तुला | काममा अनायासै व्यवधान देखा पर्न सक्छ। |
| बृष | अस्वस्थताले लक्ष्यअनुसार काममा जुट्न नसकिएला। | वृश्चिक | पहिलेको श्रम र लगानीबाट फाइदा हुनेछ भने सम्पादित कामको मूल्यांकनले जिम्मेवारी समेत दिलाउनेछ। |
| मिथुन | आश्वासन बाँड्नेहरूले भुक्याउन सक्छन्। | धनु | विभिन्न अवसर प्राप्त भए पनि नैतिक प्रतिष्ठा जोगाउन सजग रहनुपर्ला। |
| कर्कट | बेलैमा होस नपुर्याउँदा केही चुनौती भेल्नुपर्ला। | मकर | परिस्थितिवश चिताएको काममा बाधा पुग्नेछ। |
| सिंह | प्रयत्न गर्दागर्दै पनि केही कमजोरी देखा पर्न सक्छन्। | कुम्भ | सामान्य कामका लागि धेरै दौडधुप गर्नुपर्नेछ। |
| कन्या | पहिलेको सफलताले काममा हौसला जगाउनेछ। | मीन | चिताएको मूल्य प्राप्त नभए पनि पछिलाई फाइदा हुने काम हातलागी हुन सक्छ। |

**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।**

# चोकमा राँगाको प्रतिमा राखिएपछि वीरगञ्ज महानगरको विरोध

● टक नेपाल



वीरगञ्ज । वीरगञ्ज महानगरपालिकाले परवानीपुरमा राँगाको प्रतिमा राखेपछि अहिले त्यसको विरोध भइरहेको छ। सामाजिक सञ्जालदेखि लिएर विभिन्न राजनीतिक दलका नेता सामाजिक कार्यकर्ताले पनि पहिले हनुमान मन्दिर रहेको स्थानमा राँगाको प्रतिमा राखिएको भन्दै विरोध गरिरहेका छन्। उक्त स्थानमा राँगाको नभई हनुमानजीको मूर्ति वा अन्य प्रतिमा राख्नुपर्ने स्थानीयवासी पनि बताइरहेका छन्। वीरगञ्ज महानगर पालिकाले मुख्य चोकमै मुर्रा राँगाको प्रतिमा राखेपछि त्यसको विरोध भएको छ। वीरगञ्ज महानगरपालिका-२१ परवानीपुर चोकमा महानगरले राँगाको प्रतिमा राखेको छ। राष्ट्रिय राजमार्गको वीरगञ्ज पथलै या सडकखण्डअन्तर्गत पर्ने परवानीपुर चोकमा राँगाको प्रतिमा राखिएको भन्दै राजनितिक दलहरुले बिरोध गरिरहेका छन्। उक्त स्थानमा धेरै पहिलेदेखि हनुमान मन्दिर रहेको तर राजमार्ग विस्तारको क्रममा त्यहाँबाट मन्दिर अन्यत्र सारिएपछि अहिले त्यहाँ राँगाको प्रतिमा राख्नु गलत भएको स्थानीयवासीसमेत बताउँछन्। राँगाको प्रतिमा राखेपछि वर्षौंदेखि हनुमान मन्दिर चोकले परिचित नाम ओझेलमा पर्ने भएको राँगाको प्रतिमा हटाउनुपने ‘ स्थानीय एवं राप्रपाका युवा नेता अनिलकुमार कुशवाहाले बताए। महानगरपालिकाले परवानीपुर मुख्य चोकमै राँगाको प्रतिमा राखिनु धर्मअनुसारले पनि नमिल्ने भएको राजनीतिक दलका नेता बताउँछन्। उक्त स्थानमा हनुमानको सानो मन्दिर वा अन्य कुनै प्रतिमा राख्नुपर्ने अन्थया आन्दोलन र विरोध जारी रहने जनमत पार्टीका युवा नेता राजुराज गिरीको भनाइ छ। राँगाको प्रतिमा राखिएको स्थानमा जनमत पार्टीले विरोध पनि गरेको बताउँदै उनले प्रतिमा यथाशीघ्र हटाउन माग गरे। हनुमान मन्दिरको नामले परिचित र हँदै आएको परवानीपुरमा महानगरले राँगाको प्रतिमा कुनै धर्म वा आस्थालाई ठेस पुर् याउन नभई महानगरमा आउने अन्य स्थानका पर्यटकलाई लोभ्याउनको लागि राखिएको महानगरको भनाइ छ। राँगाको प्रतिमा राखिएको वडा नम्बर २१ का वडाध्यक्ष राधाकृष्ण रौनियारले अहिले सर्वत्र विरोध भएपछि आफूले महानगरमा कुरा गरेको तथा चाँडै राँगाको प्रतिमा हटाएर अन्य प्रतिमा राखिने जानकारी दिए। उनले वडासित समन्वय नै नगरी राँगाको प्रतिमा राखिएको तथा आफूसित समन्वय गरेको भए अहिले यस्तो अवस्था नआउने बताए। ‘राँगा हो कि साँढे हो दुबै जस्तो देखिन्छ राति ल्याएर प्रतिमा राखियो मलाई पूर्वजानकारी दिइएन, पछि विरोध हुन थाल्यो,’ उनले भने, ‘मैले महानगरका मेयरसित कुरा गरिसकेको छु, राँगाको प्रतिमा हटाउनेबारे हाम्रो कुरा भइसक्यो।’ महानगरले पनि कसैको आस्थामाथि ठेस पुर् याउन नभई पर्यटकलाई हेराउनकै लागि चोकमा प्रतिमा राखेको वडाध्यक्ष रौनियारको भनाइ वीरगञ्ज महानगरपालिका-२१ परवानीपुरमा हनुमान मन्दिर चोकले परिचित स्थानमा महानगरले एकाएक राँगाको प्रतिमा राखेपछि धार्मिक र राजनीतिक दलका अगुवा एवं स्थानीयवासीले पनि विरोध गरिरहेका छन्।

# एमालेको संकल्प प्रस्ताव बोकेर....

धारणाहरु पहिले प्रदेशसभाबाट संकल्प प्रस्तावका रुपमा पास गरौं भन्दा मुख्यमन्त्री नमान्ने, एमालेले जस पाउँछ कि भनेर आत्तिने, अहिले काठमाण्डुमा गएर प्रायोजित स्टन्ट गर्ने ?’ प्रचण्डलाई दिएको अल्टिमेटमको मिति सकिन दुई दिनमात्रै बाँकी छँदा मुख्यमन्त्री यादवले एमालेको त्यही संकल्प प्रस्ताव बुधबार प्रदेशसभामा टेबुल गराउन सहमत भए। एमालेका प्रमुख सचेतक हरिनारायण महतोको प्रस्ताव र बाँकी सबै दलको समर्थनमा त्यो बुधबारै मधेश प्रदेश सभाबाट पारित भयो। मुख्यमन्त्री यादव त्यही पारित संकल्प प्रस्ताव बोकेर प्रधानमन्त्री भेट्न शनिबार बिहान काठमाण्डु जाँदैछन्। कात्तिक २३ मा छ बुँदे ध्यानाकर्षणसहित अल्टिमेटम दिन काठमाण्डु पुग्दा सर्वदलीय टोलीमा छुटेको एमालेलाई यसपटक जोड्ने उनको चाहना छ। ‘महोत्तरीमा प्रधानमन्त्रीज्यू आएका बेला मैले स्मरण गराएको थिए- हाम्रो एक महिने अल्टिमेटम शुक्रबार सकिन्छ,’ मुख्यमन्त्री यादवले भने, ‘प्रधानमन्त्रीज्यूले नै शनिबार बिहान १० बजे बालुवाटार मा बोलाउनु भएको छ। हामी एमालेले टेबुल गराएको र हामी सबै मिलेर पास गरेको संकल्प प्रस्ताव त्यहीं लगेर पेश गर्छौं।’ उनका अनुसार महोत्तरीमा आफूसँग भेट्दा प्रचण्डले संघीयताको प्रभावकारी कार्यान्वयनमा मधेशले उठाएका माग जायज भएको भन्दै प्रशंसा गरे। यादवले भने, ‘सधैं जायज-जायजमात्रै भनेर भएन। यस पटक काम भएन भने हामी आन्दोलन धर्ना जे दिन पनि रेडी छौं।’ मधेशका सबै दल एक ठाउँमा उभिएर केन्द्रसँग अधिकार मागिरहेको सन्देश दिन चाहेको उनले बताए। एक महिनाअघि ध्यानाकर्षणपत्र बुझाउने क्रममा मधेशको सर्वदलीय टोलीले प्रहरी समायोजन ऐनअनुसार प्रहरी समायोजन गर्न र प्रमुख जिल्ला अधिकारीलाई प्रदेश सरकार मातहत आवश्यक निर्देशन र सहजीकरण गरिदिन माग गरेको थियो। निजामती सेवा ऐन बन्न नसक्दा प्रदेशले कर्मचारी खटाउन नसकेको भन्दै ज्ञापनपत्रमा, प्रदेशमा खटिने सचिव प्रदेश सरकारको मातहतमा र हने र स्थानीय तहहरुमा खटिने प्रशासकीय अधिकृतहरुलाई प्रदेश सरकार मातहतमा र हने गरी निजामती विधेयक तत्काल संसदबाट पास गर्न माग गरिएको थियो। त्यसका लागि अध्यादेशका विकल्पमा जान समेत उनीहरुले आग्रह गरेका थिए। उनीहरुले मूल्य अभिवृद्धि कर र अन्तःशुल्क करबाट उठेका राजश्व बाँडफाँट पुनरावलोकन गर्न माग गरेका थिए। यसबीचमा गृहमन्त्री नारायणकाजी श्रेष्ठले सातै प्रदेशका आन्तरिक मामिलामन्त्रीहरुसँग भेट्दै प्रहरी समायोजन ऐनबारे छलफल गरेका थिए। प्रधानमन्त्री प्रचण्डले कोप २८ लगायत अघिल्लो महिनाको व्यस्तता दर्शाउँदै मधेशका माग पूरा गर्न केही समय माग्ने तयारी गरेका छन्। त्यसो हुँदा मधेश सरकारको अल्टिमेटम अवधि केही समयलाई थप हुन सक्ने देखिन्छ। संघीयताको वास्तविक अभ्यास नै हुन नपाइ विरोधबाजी सुरु भइसकेको भन्दै मधेशका नेताहरु आफू संवेदनशील भइरहेको बताइरहेका छन्। कोशीका मुख्यमन्त्री केदार कार्की, मुख्यमन्त्रीका आन्तरिक मामिलामन्त्री सन्तोष पाण्डेय लगायतले प्रदेशलाई अधिकार विहीन बनाएर पंगु देखाउन खोजिएको भन्दै केन्द्र सरकारसँग आक्रोशित छन्। अन्य प्रदेशमा पनि असन्तुष्टि जारी रहेका बेला केही तयारी गरेर संघीयताका बाँकी माग सम्बोधन गर्ने प्रधानमन्त्री कार्यालयको तयारी रहेको प्रधानमन्त्री निकट स्रोतको भनाइ छ।

# डीडीसीले दुधको भुक्तानी नदिँदा...

गएको भदौदेखि डीडीसीबाट पैसा नपाएको गुनासो गर्नुभयो। आफूहरुले सङ्कलन गरेर दिएको दुधको पैसा नपाउँदा किसानलाई पनि पैसा दिन नपाएको भट्टराईको भनाइ छ। व्यावसायिक रुपमा फर्म खोलेर गाई, भैंसी पाल्ने किसानले सोझै डीडीसीको दुध सङ्कलन केन्द्रमा लगेर दुध बिक्री गर्ने गरे पनि एक-दुईवटा गाई, भैंसी पाल्ने किसानले भने डेरीमा लगेर बेच्नेगरेका छन्। दैनिक डेरीलाई दुध बेचेर घरखर्च टार्ने किसान डीडीसीको लापरवाहीले मारमा परेको बताएका छन्। ईश्वरपुर नगरपालिका -१२, घारिबथानकी किसान अम्बिका खड्काले पहिलेझैं दुध बिक्री गरेपछि महिनैपिच्छे पैसा पाउन छाडेको बताउनुभयो। पैसा खाचौं भएका बेला डेरी सञ्चालकले तुरुन्त दिने गरेको भए पनि अहिले लामो समय पैसा नपाएको उहाँले गुनासो गर्नुभयो। दुध बिक्री गरेको लामो समयसम्म पैसा नपाउने र उत्पादित दुध बिक्री नहुने समस्याले गाई, भैंसीको दुध बेचेर जीविकोपार्जन गर्ने जिल्लाको ग्रामीण भेगका सयौं किसान मारमा परेका छन्।

# स्थानीय तहको साथले उत्साहित...

नगर कार्यपालिकाको कार्यालयले यसअघि स्यालोट् युबवेल जडान गरी ३० किसानलाई मोटर पम्पसेट उपलब्ध गराएको थियो। यसले हलुका सिँचाइमा हुने बाली हुर्काउन सहज भएको किसानको भनाइ छ। “स्यालोट् युबवेल जडान र मोटर पम्पसेट भएपछि हलुका सिँचाइमा हुने बाली लगाइन पाइने भएको छ”, मटिहानी-२ का किसान जैश शेषले भन्नुभयो, “यतिले पनि गरेर खान बाटो दियो।” नगरका नौवटै वडाका बस्तीमा वैकल्पिक सिँचाइ व्यवस्थाका लागि आवेदन गरेका किसानलाई स्यालोट् युबवेल जडान र मोटर पम्पसेट खरिदमा नगर कार्यपालिकाको कार्यालयले कूल लागतमा ८५ प्रतिशत र सम्बन्धित किसानले १५ प्रतिशत रकम लगाएका थिए। यसैगरी नगर कार्यपालिकाको कार्यालयले यसअघि फलफूल रोपण, मखान बजार व्यवस्थापन सहयोगी सामग्री, दाईं गर्ने यान्त्रिक उपकरण र कृषि ज्यावल किसानलाई उपलब्ध गराएको थियो। नगर कार्यपालिको कार्यालयले पछिल्ला पाँच वर्षयता बर्सेनि मौसमअनुसार बाली लगाउन बीउ, कृषि ज्यावल, जैविक मलसहितका सामग्री दिँदै आएको छ। यो क्रमले आफूहरुजस्ता गरिब किसानलाई निकै राहत मिलेको मटिहानी-६ का मेराज अन्सारीको भनाइ छ।






# सांसद सिंहले गरे एनसेल खरिद बिक्रीविरुद्ध सर्वोच्चमा रिट दर्ता



● टक नेपाल

काठमाडौँ । एनसेलको शंकास्पद शेयर खरिद बिक्री प्रकरणविरुद्ध बोलिरहेका सांसद अमरेशकुमार सिंहले सर्वोच्चमा रिट दायर गरेका छन्। सिंहले शुक्रबार एनसेलको शेयर खरिद बिक्रीलाई मान्यता नदिन माग गर्दै विभिन्न ६ वटा निकायलाई विपक्षी बनाउँदै रिट दायर गरेका हुन्। उनले प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, नेपाल दूर सञ्चार प्राधिकरण, कम्पनी रजिष्ट्रारको कार्यालय, आन्तरिक राजश्व विभाग र एनसेललाई विपक्षी बनाएर रिट दायर गरेका हुन्। रिटको प्रारम्भिक सुनुवाइका लागि आइतबार पेशी तोकिएको सिंहले जानकारी दिए। सात वर्षअघि १ खर्ब ४४ अर्बमा एनसेलको ८० प्रतिशत शेयर खरिद गरेको मलेसियाको आजियाटा कम्पनीले हालसालै नेपाली संस्थापक रहेको बेलायती कम्पनी स्पेक्ट्र लाइट युकेलाई जम्मा ६ अर्ब ५० करोडमा बिक्री गरेको छ। उक्त बिक्री कर छली र ६ वर्षपछि सरकारीकरण हुने क्रममा रहेको एनसेलको सम्पतीलाई रोक्नका लागि गरिएको जानकारहरुको दाबी छ। कारोबारलाई शंकास्पद भन्दै संसदको सार्वजनिक लेखा समितिले मान्यता नदिन निर्देशन दिएको छ। त्यस्तै उच्च अदालत पाटनले पनि कारोबारलाई रोक्न अल्पकालीन अन्तरिम आदेश जारी गरेको छ।

# डीडीसीले दुधको भुक्तानी नदिँदा कृषक मारमा

● टक नेपाल

सर्लाही । दुग्ध विकास संस्थान (डीडीसी) ले तीन महिनाभन्दा बढी सयमदेखि दुधको पैसा नदिँदा सर्लाहीका किसान र डेरी सञ्चालक मारमा परेका छन् । डेरी सञ्चालकले किसानबाट उठाउने गरेको दुध सरकारी स्वामित्वमा रहेको डीडीसीको विभिन्न दुध सङ्कलन केन्द्रमा लगेर बेच्नेगरेका छन् । डीडीसीले तीन महिनाभन्दा बढी समयदेखि डेरी सञ्चालकलाई भुक्तानी नदिँदा किसानसम्ममा असर परेको हो। डीडीसीबाट पैसा नपाउँदा डेरी सञ्चालकले किसानलाई लामो समयदेखि पैसा दिन सकेका छैनन् । पछिल्लो समय डीडीसीले किसानबाट सङ्कलन गरेर ल्याएको दुध लिनै छाडेको डेरी सञ्चालकको गुनासो छ। लालबन्दी नगरपालिका -१, नवलपुरमा डेरी पसल सञ्चालन गर्दै आउनुभएका व्यवसायी सुदीप कार्कीले डीडीसीलाई बिक्री गरेको दुधको पैसा नपाउँदा किसानलाई दिन नपाएको बताउनुभयो । ऋण गरेर केही समयसम्म थेगे पनि डीडीसीले अझै भुक्तानी नगरेकाले अब व्यवसाय नै बन्द गर्नुपर्ने स्थिति सिर्जना भएको उहाँको दुःखेसो छ । कार्कीका अनुसार डीडीसीले पछिल्ला दिनमा दुध लिन नमान्दा किसानबाट सङ्कलन गरेर ल्याएको दुध खेर जाने अवस्था आएको छ। आर्थिक मन्दी रहेको अवस्थामा दुध बिक्री नहुँदा दही, पनिर लगायतका परिकार बनाए पनि त्यो समेत बिक्री नभएको उहाँले गुनासो गर्नुभयो । पहिले एक महिनाभित्रै डेरी सञ्चालकलाई दुधको पैसा दिने डीडीसीले अहिले तीन-चार महिनासम्म भुक्तानी गर्न सकेको छैन् । दुध बिक्री नभएको र पुरानो पैसा समेत नपाएको भन्दै केही साताअघि सर्लाहीको हरिवन क्षेत्रका डेरी सञ्चालकले सडकमै दुध पोखेका थिए । हरिवन नगरपालिका -११, मा डेरी सञ्चालन गर्दै आउनुभएका व्यवसायी सुरेश भट्टराईले

»» बाँकी पृष्ठ ३ मा

# मधेश प्रदेशका १२ पालिकामा 'सशक्त महिला समृद्ध नेपाल' कार्यक्रम सुरु

● टक नेपाल



जनकपुरधाम । मधेश प्रदेशमा 'सशक्त महिला समृद्ध नेपाल' कार्यक्रम प्रारम्भ भएको छ । महिलाहरुलाई सामाजिक तथा आर्थिक रुपमा महिला सबल बनाउने उद्देश्यले मधेश प्रदेशका १२ वटा पालिकामा कार्यक्रम सञ्चालन हुने छ । युरोपियन युनियन तथा संयुक्त राष्ट्रसङ्घीय निकायहरू (युएनएफपिए, आईएलओ, युएन वुमन र युनिसेफ) को प्राविधिक सहयोग एवं मधेश प्रदेशको खेलकुद तथा सामाज कल्याण मन्त्रालयको समन्वयमा यो कार्यक्रम महिलालाई लक्षित गरी अघि बढाइएको छ । मधेश प्रदेशको जनकपुरधाम उप-महानगर पालिका, नवराजपुरगाउँपालिका, सिराहा नगरपालिका, अग्निसाइर कृष्णासवरन गाउँपालिका, सखुवानन्कारकट्टी गाउँपालिका, नगराईन नगरपालिका, बौधीमाई नगरपालिका, यमुनामाई गाउँपालिका, बिन्दबासिनी गाउँपालिका, पकाहा मैनपुर गाउँपालिका, वीरगञ्ज महानगरपालिका, आदर्श कोतवाल गाउँपालिका गरी १२ वटा स्थानीय पालिकामा यो कार्यक्रम सन्चालन हुनेछ । कार्यक्रमको विहीबार जनकपुरमा उदघाटन गर्दै मधेश प्रदेश सभाका महिला बालबालिका तथा सामाजिक न्याय समितिकी सभापति रुपा कुमारी यादवले मधेशमा बढ्दै गएको महिला हिंसाको नियन्त्रण तथा महिला सशक्तीकरणमा यो कार्यक्रमले मद्दत पुग्ने विश्वास व्यक्त गरिन् । मधेश प्रदेशका खेलकुद तथा सामाज कल्याण मन्त्रालयका सचिव चुडामणि फुयाँलले मधेशमा शिक्षा कमजोर नभएको र शिक्षित नयाँ पुस्ता आएपछि महिला हिंसाका समस्या पनि नियन्त्रण हुँदै जाने आशा व्यक्त गरे । कार्यक्रममा युएन वमनका राष्ट्रिय प्रतिनिधि प्याट्रिसिया, युरोपियन युनियनका डेपुटी हेड अफ कोअपरेसन, ईलोईजा आस्टुडिलो, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका शाखा अधिकृत करूणा आचार्य, मधेश प्रदेशका स्थानीय तहका प्रमुख तथा प्रतिनिधिहरू र मधेश प्रदेशका विभिन्न मन्त्रालयका प्रतिनिधिहरुले कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्। लैङ्गिकतामा आधारित हिंसा रोकथाम तथा हानिकारक सामाजिक मूल्य मान्यता परिवर्तनमा पुरुष सहभागिता, महिला तथा सिमान्तकृत समुदायको आर्थिक सशक्तीकरण र मूल्य शृं्खला प्रवर्द्धन र लैङ्गिक उत्तरदायी शासन तथा महिला प्रतिनिधिहरूको नेतृत्व विकास नै कार्यक्रमको मुख्य तीन प्राथमिकता रहेका छन् । युरोपियन युनियन र संयुक्त राष्ट्र संघीय निकाय स्रोतका अनुसार यो कार्यक्रम मधेश प्रदेशसहित कर्णाली र सुदूरपश्चिम प्रदेश समेत गरी जम्मा ३२ वटा स्थानीय तहमा चार वर्षका लागि सञ्चालन गरिने छ ।

# आचार्य श्रीनिवास १० हजार धरौटी तिरेर थुनामुक्त

● टक नेपाल

काठमाडौं । दुर्गा प्रसाईंको आह्वानमा भएको आन्दोलनमा सहभागी हुँदा पक्राउ परेका धर्मगुरु आचार्य श्रीनिवास हिरासतमुक्त भएका छन् । उनी ११ दिनपछि १० हजार रुपैयाँ धरौटी बुझाएर छुटेका हुन् । गौशाला क्षेत्रमा गरेको प्रदर्शनका क्रममा प्रहरीले आचार्य श्रीनिवासलगायत दर्जनौंलाई पक्राउ गरेको थियो। प्रदर्शनकारीहरूले गौशाला चोकमा सडक अवरुद्ध गरेको र प्रहरीलाई लक्षित गरी ढुंगामुढा गरेको भन्दै प्रहरीले पक्राउ गरेको थियो । उनीहरुमध्ये अधिकांश छुटिसकेका छन् । आचार्य श्रीनिवास र सन्तोष राजावादी आज छुटेका हुन् । शान्ति सुरक्षामा खलल पुऱ्याउने कार्य गरेको भन्दै प्रहरीले उनलाई पक्राउ गरेकोमा १० हजार धरौटी तारेखमा थुनामुक्त भएको जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता प्रहरी उपरीक्षक (एसपी) कुमोद ढुंगेलले नेपाल प्रेसलाई जानकारी दिए । श्रीनिवास धरौटीमा छुटे पनि




उनीविरुद्धको मुद्दा भने जिल्ला प्रशासन कार्यालय काठमाडौंमा चलिरहेको छ । शान्ति सुरक्षामा खलल पुऱ्याउने कार्य गरेको मुद्दा प्रमुख जिल्ला अधिकारी रवीन्द्र आचार्यको इजलासले हेर्दै आएको छ ।

"समयमा आफ्नो स्वास्थ्य जाँच गराउ र स्वस्थ रहौं।"

LIVER FUNCTION TEST
- Bilubine Total/Direst
- SGOT
- SGPT
- ALP
- Total Protine
- Albumine
- Globline
- AG-Ratio
- GGT
Rs. 2800/-

WHOLE BODY CHECKUP
-CBC
- RBC
- LFT/RFT
- TSH
- URINE R/E
- LIPID PROFILE
- USG/ECG/X-RAY
Rs. 6000/-

CARDIAC PROFILE
- CPK
- CK MB
- SGOT
- TROPONIN
- LDH
- TOTAL CHOLESTEROL
- TRIGCYCERIDE
Rs. 5000/-

DIABETS PACKAGE
- URIN R/E
- RFT
- LIPID PROFILE
- CBC
- Glucose/F/PP
- MICRO AIBUMIN
- HBAIC
Rs. 4800/-

"गुणस्तरीय सेवा, हाम्रो प्रतिबद्धता"

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
बर्दिबास नगरपालिका-१४, औरही रोड (महोत्तरी)
सम्पर्क : ०४४-५५०२५५, ९८४४०१५६१६, एम्बुलेन्स : ९८१२०८५६०४




बर्दिबास मिडिया प्रा.लि. द्वारा प्रकाशित, अध्यक्ष : अन्जीत कुमार चौधरी, सम्पादक : रंजुकुमारी साह, सल्लाहकार सम्पादक : ईश्वरी काफ्ले, प्रवन्धक : बिनोद ढुंगेल, साजसज्जा : बिबेक कुमार महतो
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com